नेपाल लघुवित्त बैङ्कर्स संघ

# प्रेस विज्ञप्ती

नेपाल लघुवित्त बैङ्कर्स संघको पन्ध्रौं साधारण सभा मिति २०७८ कार्त्तिक ०५ गते होटल क्राउन इम्पेरियल, रविभवन, काठमाडौंमा सम्पन्न भएको छ । प्रमुख अतिथि, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री बम बहादुर मिश्र बाट उद्घाटन भएको उक्त सभामा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री देव कुमार ढकाल, नेपाल बैंकर्स संघका अध्यक्ष श्री भुवन दाहाल, नेपाल वित्तीय संस्था संघका अध्यक्ष श्री सरोज काजी तुलाधर, नेपाल लघुवित्त संघका अध्यक्ष श्री जगत बहादुर पोखरेल तथा नेपाल लघुवित्त बैंकर्स संघका पूर्व-अध्यक्षहरु श्री राम चन्द्र जोशी र श्री धर्म राज पाण्डे बाट शुभकामना मन्तव्य व्यक्त भएको थियो ।

प्रमुख अतिथि, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री बम बहादुर मिश्रले संघको नयाँ कार्यसमितिको चयन राम्ररी होस् भन्ने शुभकामना दिनुभयो । उहाँले लघुवित्त संस्थाहरुको २०७८ असार मसान्तको कूल पूंजी कोष ३९ अर्ब, सदस्यहरुको निक्षेप १३० अर्ब, अन्य संस्थाहरुबाट सापटी २०७ अर्ब का साथै लगानीमा रहिरहेको कर्जा ३६६ अर्ब रहेको र गत आर्थिक वर्षमा धेरै संस्थाहरुले राम्रै व्यवसाय गरेको देखिएको बताउनु भयो । उहाँले लघुवित्त क्षेत्रबाट आएका मागहरु सम्बन्धमा संघसंग छलफल गर्ने आश्वासन पनि दिनुभयो ।

संघका अध्यक्ष श्री वसन्तराज लम्सालको अध्यक्षतामा सञ्चालन भएको सभाको वन्द सत्रले आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन र २०७८/७९ को वार्षिक कार्यक्रम तथा बजेट पारित गर्यो ।

सभाले आगामी दुई वर्षका लागि निम्न पदाधिकारीहरु सम्मिलित संघको नयाँ कार्यसमितिको निर्विरोध चयन गर्यो ।

| क्र सं | नाम | पद | संस्थाको नाम |
|---|---|---|---|
| १. | श्री प्रकाश राज शर्मा | अध्यक्ष | लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. |
| २. | श्री मिन बहादुर बोहरा | उपाध्यक्ष | धौलागिरी लघुवित्त वित्तीय संस्था लि. |
| ३. | श्री राम बहादुर यादव | महासचिव | नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. |
| ४. | श्री प्रेम बहादुर पाठक | कोषाध्यक्ष | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि. |
| ५. | श्री केशव कुमार पौडेल | सचिव | सबैको लघुवित्त वित्तीय संस्था लि. |
| ६. | श्री श्रीराम पोखरेल | सदस्य | जन उत्थान लघुवित्त वित्तीय संस्था लि. |
| ७. | श्री गंगाधर पाण्डे | सदस्य | महुली लघुवित्त वित्तीय संस्था लि. |
| ८. | श्री प्रविण कुमार लामा | सदस्य | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि. |
| ९. | श्री बद्री प्रसाद दुलाल | सदस्य | आशा लघुवित्त वित्तीय संस्था लि. |
| १०. | श्री विनोद आचार्य | सदस्य | सिभिल लघुवित्त वित्तीय संस्था लि. |
| ११. | श्री बिमला योगी | सदस्य | जालपा सामुदायिक लघुवित्त वित्तीय संस्था लि. |

नेपाल लघुवित्त बैङ्कर्स संघ छाता संगठनका रुपमा २०६३ सालदेखि लघुवित्त क्षेत्रको हकहीतका लागि सक्रिय रहँदै आएको छ र विद्यमान ७० मध्ये ५० वटा लघुवित्त संस्थाहरु यसका सदस्य छन् ।

२०७८/०७/०७
काठमाडौं